मितिः-२०८१/०४/०२

समयः- अपारन्ह ४ वजे

आठविसकोट नगर कार्यपालिकाको कार्यालय आठविसकोट, रुकुम (पश्चिम) कर्णाली प्रदेश, नेपाल २०७३

स्थानः- आठविसकोट नगर कार्यपालिकाको बैठक कक्ष

आठविसकोट नगरपालिकाको ९७ औं नगर कार्यपालिकाको आपत्कालिन बैठक नगर प्रमुख श्री रवि के.सी.को अध्यक्षता र तपसिल बमोजिमका सदस्यहरुको उपस्थितिमा वस्यो। उक्त बैठकका प्रस्तावहरु र निर्णयहरु देहाय बमोजिम रहेका छन्।

| हस्ताक्षर | क्र.सं. | पदाधिकारीहरुको नाम, थर | पद | कैफियत |
|---|---|---|---|---|
| | १ | श्री रवि के.सी. | नगर प्रमुख | |
| | २ | श्री धन कुमारी शाही | नगर उप प्रमुख | |
| | ३ | श्री मणि राज शाह | नि.प्रमुख प्रशासकीय अधिकृत | |
| | ४ | श्री नरसिं विष्ट | ४ नं. वडा अध्यक्ष | |
| | ५ | श्री घनश्याम भण्डारी | ५ नं. वडा अध्यक्ष | |
| | ६ | श्री धनेश्वर शर्मा | ६ नं. वडा अध्यक्ष | |
| | ७ | श्री अमृत वुढा | ७ नं. वडा अध्यक्ष | |
| | ८ | श्री खकेन्द्र वि.क. | ८ नं. वडा अध्यक्ष | |
| | ९ | श्री जनक वहादुर वटाला | ९ नं. वडा अध्यक्ष | |
| | १० | श्री गणेश कुमार शाह | १० नं. वडा अध्यक्ष | |
| | ११ | श्री प्रेम वहादुर पुन | ११ नं. वडा अध्यक्ष | |
| | १२ | श्री खुम्मे कुसारी | १२ नं. वडा अध्यक्ष | |
| | १३ | श्री टेक वहादुर थापा | १३ नं. वडा अध्यक्ष | |
| | १४ | श्री हुकुम वहादुर पुन | १४ नं. वडा अध्यक्ष | |
| | १५ | श्री कृष्णा घर्ती | कार्यपालिका सदस्य | |
| | १६ | श्री नन्द कुमारी आग्री | कार्यपालिका सदस्य | |
| | १७ | श्री सदिक्षा मल्ल | कार्यपालिका सदस्य | |
| | १८ | श्री यज्ञ वहादुर वि.क. | कार्यपालिका सदस्य | |
| | १९ | श्री सर्जने कामी | कार्यपालिका सदस्य | |
| | २० | श्री रत्ने कामी | कार्यपालिका सदस्य | |
| | २१ | श्री इन्द्र वहादुर विष्ट | शिक्षा अधिकृत | |
| | २२ | श्री नविन मरासीनि | इप्रका प्रमुख | |
| | २३ | श्री कुवेर वस्नेत | सूचना प्रविधि अधिकृत | |
| | २४ | श्री मानबहादुर वटाला | एम.आइ.एस. अपरेटर | |
| | २५ | श्री निराज विक | नगर प्रहरी प्रमुख | |
| | २६ | श्री खम्मु बाँठा | नगर प्रहरी स.ना.नि. | |
| | २७ | श्री खडक वहादुर वुढा | नगर प्रहरी स.ना.नि. | |
| | २८ | श्री रत्न वहादुर परियार | खरिदार | |
| | २९ | श्री तस्वीर परियार | कास | |

Scanned with CamScanner

## ९७ औं नगर कार्यपालिका बैठक (मिति २०८१/०४/०२ गते) का निर्णयहरु:-

१. मिति २०८१/०३/३१ गते राति गएको अबिरल वर्षाको कारण आठविसकोट नगरपालिका वडा नं. १२ को झिन्चौर खोला, डाबखोला र तातोपानी खोलाको बाढीमा परी ज्यान गुमाएका धनुषा पुन, हितमाया पुन र मनिषा सार्की प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गरियो । बेपत्ता भएका डिल्ली वहादुर बुढाथोकीको खोजी कार्य जारी राख्ने र घाइतेहरुको स्वास्थ्य लाभको कामना गर्दै मृतकहरु प्रति शोक प्रस्ताव पारित गरियो ।

२. मिति २०८१/०३/३१ गते राति गएको अबिरल वर्षाको कारण आठविसकोट नगरपालिका वडा नं. १२ को झिन्चौर खोला, डाबखोला र तातोपानी खोलाको बाढीमा परी घाइते भएकाहरुको आठविसकोट नगर अस्पतालमा निशुल्क उपचार गर्ने व्यवस्था मिलाउने ।

३. मिति २०८१/०३/३१ गते राति गएको अबिरल वर्षाको कारण आठविसकोट नगरपालिका वडा नं. १२ को झिन्चौर खोला, डाबखोला र तातोपानी खोलाको बाढीमा परी ज्यान गुमाएका मृतक र बेपत्ता परिवारलाई प्रति मृतक/प्रति वेपत्ता रु २५०००।-(अक्षरेपि पच्चिस हजार मात्र) का दरले सहायता खर्च दिने ।

४. यस आठविसकोट नगरपालिकामा जल उत्पन्न प्रकोपका दृष्टिले अति जोखिम क्षेत्रका घरपरिवारलाई वडा कार्यालयले तोकेको सुरक्षित स्थान, सार्वजनिक विद्यालय, सार्वजनिक कार्यालयमा अस्थायी स्थानान्तरण गर्ने ।

५. यस आठविसकोट नगरपालिकामा विपदजन्य जोखिममा परेका घरपरिवारहरुको उद्दार, राहत तथा पुनःस्थापनाको लागि संघीय सरकार, प्रदेश सरकार, विभिन्न गैर सरकारी संघ/संस्था र राजनीतिक दललाई सहयोगको लागि अनुरोध गर्ने ।

६. विपदजन्य प्रकोपहरुको तत्काल उद्दार, राहत, पुनःस्थापना जस्ता कार्यलाई प्रभावकारी बनाउन देहाय बमोजिमको द्रुत प्रतिकार्य समूह गठन गर्ने ।

| | |
|---|---|
| (क) श्री रवि के.सी. | – संयोजक |
| (ख) श्री धनकुमारी शाही | - सदस्य |
| (ग) श्री मणिराज शाह | - सदस्य |
| (घ) इलाका प्रहरी कार्यालय प्रमुख | – सदस्य |
| (ङ) श्री यज्ञ वहादुर वि.क. | - सदस्य |
| (च) श्री निराज वि.क. | – सदस्य |
| (छ) श्री प्रेम वहादुर रोकाय | - सदस्य |
| (ज) श्री इन्द्र वहादुर विष्ट | - सदस्य |
| (झ) श्री टेक वहादुर चन्द | - सदस्य |
| (ञ) श्री रत्न वहादुर परियार | - सदस्य |
| (ट) श्री मान वहादुर वटाला | - सदस्य-सचिव |

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

७. यस आठविसकोट नगरपालिकामा जल उत्पन्न प्रकोपको जोखिम न्यूनिकरण तथा व्यवस्थापनको लागि आवश्यक पर्ने सवारी साधनको लागि भेरी करिडोर अन्तर्गत रिम्ना चिसापनी सडक खण्डमा सडक अबरुद्ध भएमा सडक सञ्चालनको लागि भेरी करिडोर जाजरकोटलाई अनुरोध गर्ने । साथै यस नगरपालिकामा रहेका निजी तथा सार्वजनिक सडक मर्मतका साधन तथा सवारी साधनलाई समेत परिचालनको लागि अनुरोध गर्ने ।

बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो ।

नि.प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner